जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १३५ २०८२ साल पुस ११ गते शुक्रबार (26 Dec 2025 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : त्रिभुवन विश्वविद्यालयबाट १६... ३ पृष्ठमा : सन् २०२५: भारत-चीन प्रतिस्पर्धोल.. ३ पृष्ठमा :१७ वर्षपछि तारिक...

# फरार दश प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

अदालतको फैसला कार्यान्वयनको सिलसिलामा जिल्ला प्रहरी कार्यालय सप्तरीले १० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कुटपिट मुद्दाका चार, कुटपिट/लुटपिट मुद्दाका तीन, चेक अनादर मुद्दाका दुई र बन सम्बन्धी मुद्दाका एक जना छन् ।

कुटपिट मुद्दामा पक्राउ पर्नेहरुमा सप्तरीको खडक नगरपालिका ४ कै राजोदेवी पासमान, शिला पासमान, लक्ष्मी पासमान र बिमाल पासमान छन् । उनीहरु




प्रत्येकलाई ५ सयका दरले जरिवाना अदालतबाट तोकिएको छ ।

त्यस्तै कुटपिट/लुटपिट मुद्दामा पक्राउ पर्नेहरुमा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ८ कै आनन्द झा, सुलेना देवी झा र अजय कुमार झा छन् । उनीहरु प्रत्येकबाट १० हजारका दरले अदालतले जरिवाना तोकेको छ ।

चेक अनादर मुद्दामा जिल्लाकै तिलाठी कोइलाडी गाउँपालिका ८ का दिनेश प्रसाद साह र राजविराज ११ का नकेश्वर यादव छन् । साहलाई ३ सय र यादवलाई १ हजार अदालतले जरिवाना तोकेको छ भने बन सम्बन्धी मुद्दामा जिल्लाको रुपनी गाउँपालिका ६ का बद्री सदालाई अदालतले १६ हजार ७२ रुँपैया जरिवाना तोकेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका सबै जनासँग अदालतले तोकेको जरिवाना जम्मा ४९ हजार ३ सय ७२ रुँपैया सप्तरी जिल्ला अदालतमा दाखिला गराएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ६ राजनीतिक दल खारेज

**दैनिक समाचारदाता**
**काठमाडौं, १० पुस ।**

निर्वाचन आयोगले तोकिएको जरिवाना नबुझाएका छ वटा राजनीतिक दलको दर्ता खारेज गरेको छ ।

आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (४) बमोजिम जरिवाना नबुझाएका दललाई सोही ऐनको दफा १२ बमोजिम खारेज गरेको हो ।

आयोगका अनुसार आम आदमी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (लोकतान्त्रिक), नेपाल राष्ट्रवादी पार्टी, आधुनिक नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (गौरवशाली) र माओवादी जनमुक्ति पार्टी खारेज भएका छन् । हाल आयोगमा दर्ता भएका दलको सङ्ख्या १ सय ३७ छ ।

# मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १० पुस ।**

सर्लाहीको बलरा नगरपालिका-१० सुदमामा मोटरसाइकल दुर्घटना हुँदा रामनगर गाउँपालिकाका कार्यालय सहयोगीको मृत्यु भएको छ ।

सुदामा ब्यारेजमा मप्र ०३-०२ प ३७४४ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा रामनगर गाउँपालिका-१ खैर्वा निवासी ४० वर्षीय सञ्जय यादवको मृत्यु भएको सर्लाहीका प्रहरी नायव उपरीक्षक सरोज राईले जानकारी दिए ।

स्थानीयले बिहीबार बिहान मोटरसाइकल दुर्घटनाग्रस्त अवस्थामा र यादवलाई मृतावस्थामा देखेपछि प्रहरीलाई खबर गरेको थियो । रामनगर-५ स्थित गाउँपालिका अध्यक्ष राजाबाबु यादवको घरबाट बुधबार साँझ यादव गाउँपालिकाकै मोटरसाइकल चढेर घरतर्फ फर्किँदा दुर्घटनामा परेको हुनसक्ने अनुमान गरिएको छ । प्रहरीले घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# जोखिम न्यूनीकरणका लागि ‘सामुदायिक प्रतिकार्य टोली तालिम’



**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

जोखिम न्यूनीकरणका लागि विपद् आइपर्दा आपत्कालिन अवस्थामा बचाव, खोज, उद्धार तथा प्राथमिक उपचार कसरी गर्ने भन्ने विषयमा व्यवहारिक ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले पाँच दिने ‘सामुदायिक प्रतिकार्य टोली तालिम’ को आयोजना गरिएको छ ।

नेपालमा पूर्वानुमानमा आधारित पूर्व कार्यको सुदृढीकरण परियोजना अन्तर्गत बिहीबार राजविराजमा उक्त तालिमको आयोजना गरिएको हो ।

आगो नियन्त्रण, पानीजन्य जोखिम, प्राथमिक उपचार, आवाजको माध्यमबाट खोज तथा उद्धार, आगो निभाउने तरिका, तथा विपद्को समयमा सूचना तथा सन्देश प्रवाह कसरी गर्ने भन्ने विषयमा सहभागीलाई अभ्यास सहितको प्रशिक्षण दिइने आसमान नेपालका सुचना अधिकृत अमन सरणले जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका वडा नं. ३, ५, ६ र ८ का २४ जना स्थानीयहरु सहभागी रहेको सो तालिममा समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन तथा जोखिम न्युनीकरण सम्बन्धी आधारभूत ज्ञान सीप, विपद् पुर्व तयारी तथा प्रतिकार्यका आवश्यक जनशक्ति तयार गर्ने, आपत्कालीन अवस्थामा समुदाय र सरकारबीच समन्वय तथा सुरक्षा मजबुत गर्न, खोज तथा उद्दार आपत्कालीन स्वास्थ्य र आधारभूत प्राथमिक उपचार गर्ने तरीकाहरु सिकाइने कोर्स व्यवस्थापक रिमु चौधरीले जानकारी दिए ।

मरसिकोर तथा कोकाकोलाको आर्थिक सहयोगमा आसमान नेपालद्वारा आयोजित तालिममा नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोग रहेको छ ।

आसमान नेपालका सूचना अधिकृत सरणका अनुसार समुदायलाई आत्मनिर्भर बनाउँदै विपद् व्यवस्थापनमा सक्षम जनशक्ति उत्पादन गर्नु तालिमको मुख्य उद्देश्य रहेको छ ।

समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी आधारभूत ज्ञान र सीपको विकास गर्नु, विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि आवश्यक जनशक्ति तयार गर्नु, आपत्कालीन अवस्थामा समुदाय र सरकारी निकायबीच समन्वय तथा सुरक्षा प्रणाली मजबुत बनाउनु मुख्य उद्देश्य रहेको कोर्स व्यवस्थापक चौधरीले विश्वास व्यक्त गरे ।

पुस १३ गते सम्म चल्ने उक्त तालिमबाट २४ जना स्थानीय विपद् सामना गर्न थप सक्षम र सचेत हुने तिलाठी कोइलाडीका विपद् व्यवस्थापन अधिकृत राजेश झाले बताए ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्य:**

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### द्वन्द समाधान बल प्रयोग होइन

सही ढंगले समस्या समाधान नगर्दा हिंसा, अविश्वास र विकास अवरोधको कारण द्वन्द हुन्छ । द्वन्द समाधान केवल विवाद टार्ने प्रक्रिया मात्र नभई दीगो शान्ति र समावेशी विकासको आधार हो । समाज, संस्था वा राष्ट्र जहाँ मानवीय अन्तरक्रिया हुन्छ, त्यहाँ मतभेद र द्वन्द अनिवार्य हुन्छन् । द्वन्द समाधानको पहिलो र प्रभावकारी उपाय खुला संवाद हो । पक्षहरूबीच विश्वास निर्माण गर्दै तथ्य, भावना र अपेक्षा स्पष्ट पार्न सक्ने वातावरण आवश्यक हुन्छ । वार्ता र सहमतिका माध्यमबाट साझा हित पहिचान गर्दा समाधान दीगो बन्छ । यसका लागि निष्पक्ष मध्यस्थकर्ता आवश्यक पर्छ ।

समुदायका सम्मानित व्यक्ति, नागरिक समाज वा संस्थागत संयन्त्रले मध्यस्थता गर्दा भावनात्मक टकराव घट्छ र व्यावहारिक समाधान सम्भव हुन्छ । द्वन्दको जरो प्रायः अन्याय र बहिष्करणमा हुन्छ । कानुनी शासन, समान अवसर र उत्तरदायित्व सुनिश्चित नगरेसम्म समाधान अस्थायी हुन्छ । पीडितको आवाज सुन्ने र क्षतिपूर्ति तथा मेलमिलापको व्यवस्था गर्नुपर्छ । स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म विवाद समाधानका स्पष्ट नियम, प्रक्रिया र संरचना हुनुपर्छ । समयमै उजुरी सुनुवाइ, पारदर्शी निर्णय र कार्यान्वयनले द्वन्द बढ्न दिदैन ।

तसर्थ शान्ति शिक्षा, सहिष्णुता र सहअस्तित्वको मूल्य प्रवर्द्धनले द्वन्दको दीर्घकालीन समाधानमा मद्दत गर्छ । विद्यालय, सञ्चारमाध्यम र समुदायमार्फत द्वन्द व्यवस्थापनका सीप सिकाउनु आवश्यक छ । द्वन्द समाधान बल प्रयोग होइन, बुद्धि, धैर्य र न्यायको अभ्यास हो । संवाद, समावेशिता र संस्थागत प्रतिबद्धताबाट मात्र समाजलाई विभाजनबाट सहकार्यतर्फ डोऱ्याउन सकिन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# त्रिभुवन विश्वविद्यालयबाट १६ हजार ३८० विद्यार्थी दीक्षित

काठमाडौं, १० पुस (रासस) ।

त्रिभुवन विश्वविद्यालयको ५१औं दीक्षान्त समारोह बिहीबार राजधानीमा सम्पन्न भएको छ । यस वर्ष विभिन्न तहमा उत्तीर्ण भएका ८९ हजार १९१ विद्यार्थीमध्ये १६ हजार ३८० जना दीक्षित भएका छन् ।

बिहीबार काठमाडौंमा आयोजित दीक्षान्त समारोहमा स्नातकदेखि विद्यावारिधिसम्मको शैक्षिक उपाधिसहित १६ हजार ३८० जना विद्यार्थी दीक्षित भएका हुन् ।

शैक्षिक उपाधि पाउनेमध्ये स्नातक तहका ११ हजार २३४, अधिस्नातक १४, स्नातकोत्तरका चार हजार ८६०, दर्शनाचार्य (एमफिल) का १२० र विद्यावारिधिका १५२ विद्यार्थीले बिहीबार दीक्षान्त समारोहमा भाग लिएका हुन् । कार्यक्रममा विभिन्न सङ्कायबाट सर्वोच्च नतिजा ल्याउने २२ जना विद्यार्थीलाई दीक्षान्त पदक प्रदान गरिएको थियो ।

समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं विश्वविद्यालयकी कुलपति सुशीला कार्कीले ज्ञानलाई सेवासँग, सीपलाई सदाचारसँग र सफलतालाई समाजप्रतिको योगदानसँग जोड्न आह्वान गर्नुभयो । उहाँले चार लाखभन्दा बढी विद्यार्थी रहेको त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक-विद्यार्थीको अनुपात कायम गर्दै गुणस्तरीय शिक्षा दिनुपर्ने चुनौती रहेको बताउनुभयो ।

समारोहका प्रमुख अतिथिका रूपमा रहनुभएका भौतिक शास्त्रतर्फ सन् २०१५ को नोबेल पुरस्कार विजेता प्राध्यापक डा ताकाआकी काजिताले आफूले विद्यावारिधि प्राप्त गरेपछि पनि निरन्तर खोज, अनुसन्धान र अध्ययन जारी राखेकाले नोबेल पुरस्कर प्राप्त गर्नसक्ने क्षमता विकास भएको बताउनुभयो ।

समारोहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं विश्वविद्यालयका सहकुलपति महावीर पुनले अबको विश्वले व्यक्तिलाई 'तपाईंसँग कुन डिग्री छ ?' भन्दा पनि 'तपाईं के गर्न सक्नु हुन्छ ?' भनेर सोध्ने भएकाले आफ्नो ज्ञान र सीपलाई समाज परिवर्तनका क्षेमा लगाउनुपर्नेमा जोड दिनुभयो ।

विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्यालले विद्यार्थीको उज्वल भविष्यको सुरुवात दीक्षान्तबाट हुने बताउँदै आफूले सिकेका सैद्धान्तिक ज्ञान व्यवहारमा कार्यान्वयन गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

# प्रत्येक स्थानीय तहमा सामुदायिक बीउ बैंक स्थापना गर्न जोड

मोरङ, १० पुस (रासस) ।

कोशी प्रदेशमा प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सामुदायिक बीउ बैंकको व्यवस्था गर्न सरोकारवालाले जोड दिएका छन् ।

जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) पोखराको सहकार्य तथा कृषि विकास निर्देशनालय, कोशी प्रदेशसँगको समन्वयमा सामुदायिक बीउ बैंक सङ्घ नेपाल, कावासोती नवलपरासीले बुधबार विराटनगरमा 'कोशी प्रदेशमा सामुदायिक बीउ बैंक : वर्तमान अवस्था र विस्तारको आवश्यकता' विषयक अन्तरक्रिया गरेको थियो । सो अन्तरक्रियामा सरोकारवालाले स्थानीय र रैथाने जातका बीउको संरक्षणका लागि हरेक स्थानीय तहमा बीउ बैंक आवश्यक भएको बताएका हुन् ।

कोशी प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयका निमित्त सचिव पशुपति पोखरेलले स्थानीय र रैथाने जातको बीउ संरक्षणका लागि सरकारले काम गरिरहेको बताउँदै स्थानीय उत्पादनबाट बनेका परिकारलाई विद्यालय तथा सरकारी कार्यालयमा खाजाका रुपमा प्रयोग गरी प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

सामुदायिक बीउ बैंक सङ्घ नेपालका कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठले बीउ बैंक वर्तमान र भविष्यको खाद्य सुरक्षा, पोषण, पर्यावरण, कृषि अनुसन्धान र विकासको आधार भएको बताउँदै रैथाने र स्थानीय बीउ संरक्षणका लागि तीन तहकै सरकार मातहतका निकायको साझा प्रयास अपरिहार्य रहेको बताउनुभयो ।

सामुदायिक बीउ बैंक सङ्घ नेपालका सञ्चालक सदस्य डिल्ली पौडेलले आगामी आर्थिक वर्षमा प्रदेशको पहलमा जिल्लामा बीउ संरक्षणका लागि समावेश गर्न सकिने सम्भावनाको खोजी र मूलप्रवाहिकरण तथा विस्तारको मार्ग पहिचान गर्ने उद्देश्यले कार्यत्रक्रम आयोजना गरिएको बताउनुभयो ।

कोशी प्रदेशमा सामुदायिक बीउ बैंकको सङ्ख्या चार वटा छ । चारपाते बीउ बैंक मोरङ, शिवगञ्ज सामुदायिक बीउ बैंक झापा, तामाफोक सामुदायिक बीउ बैंक, सङ्खुवासभा र षडानन्द बीउ बैंक भोजपुर रहेका छन् ।

# निर्वाचनको वातावरण बनाउनुपर्नेमा अध्यक्ष ओलीको जोड

काठमाडौं, १० पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

पार्टीको हालै सम्पन्न ११औं राष्ट्रिय महाधिवेशनमा परिचालन भएका स्वयंसेवकहरुलाई प्रमाणपत्र प्रदान गर्दै उहाँले निर्वाचनका निम्ति शान्तिपूर्ण वातारण बन्नुपर्ने बताउँदै त्यसो भएमा आफ्नो दल सहभागी हुन्छ भन्नुभयो ।

त्रास र असुरक्षाकाबीच निर्वाचनको वातावरण नबन्ने अध्यक्ष ओलीको कथन थियो । जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार र जेलबाट भागेकाहरूबाट सुरक्षा चुनौती थपिएकोतर्फ लक्ष्य गर्दै उहाँले शान्तिपूर्ण निर्वाचनको वातावरण बनाउने दायित्व सरकारको हो भन्नुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले हालै आह्वान गर्नुभएको बैठकमा आफू सहभागी भएको र त्यहाँ पनि आफूले आफूहरु चुनावका विरुद्धमा नरहे पनि प्रतिगमनविरोधी कुरा मान्य नहुने कुरा स्पष्ट गरेको बताउनुभयो । आफूले प्रतिनिधिसभाको पुनःस्थापना हुनुपर्ने र फागुन २१ मा चुनाव गर्ने हो भने त्यसको वातावरण बनाउनुपर्छ भन्नेमा जोड दिएको बताउनुभयो ।

भदौ २३ गते परिचालन भएका सुरक्षाकर्मीले परिस्थितिलाई विचार गरेर सरकारी सम्पत्तिको सुरक्षा र आत्मरक्षाको लागि निर्णय गरेकाले तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई बयानका लागि बोलाउनु युक्तिसङ्गत नहुने बताउनुभयो ।

# सत्र वर्षमा ४७ लाख बढीले गरे नारायणहिटी सङ्ग्रहालय अवलोकन

काठमाडौं, १० पुस (रासस) ।

शाहवंशीय राजतन्त्रको अन्त्यसँगै नारायणहिटी राजदरबार १७ वर्षअघि सङ्ग्रहालयमा परिणत गरियो ।

विसं २०६५ असार १ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विधिवत रुपमा नारायणहिटी दरबार सङ्ग्रहालयको रुपमा समुद्घाटन गरे पनि फागुन १५ देखि सर्वसाधारणका लागि खुला गरिएको थियो । स्थापनाको १७ वर्षमा सो सङ्ग्रहालय ४७ लाख ७७ हजार ७०० स्वदेशी तथा विदेशी पर्यटकले अवलोकन गरेका छन् ।

स्थापनादेखि गत मङ्सिर मसान्तसम्म उक्त सङ्ख्याका पर्यटकले सङ्ग्रहालय अवलोकन गरेका हुन् । आर्थिक वर्ष २०८१/८२ मा दुई लाख ६० हजारले नारायणहिटी दरबार सङ्ग्रहालयको अवलोकन गरेकोमा चालू आवको साउनदेखि मङ्सिर मसान्तसम्म ४६ हजार ७०० र अवलोकन गरेको नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिका सूचना अधिकारी पुरुषोत्तम थापाले जानकारी दिनुभयो ।

सरकारले नारायणहिटी सङ्ग्रहालय प्रवेशका लागि विद्यार्थीलाई रु ५०, नेपालीलाई रु २००, सार्क राष्ट्रका नागरिकलाई रु ५०० र विदेशी नागरिकलाई रु एक हजार शुल्क लिँदै आएको छ । उक्त सङ्ग्रहालय प्रत्येक हप्ताको मङ्गलबार, बुधबार बन्द रहँदै आएको छभने शनिबार र अन्य बिदाको दिनमा भने खुल्ला रहन्छ ।

# चार किलो ३०० ग्राम कोकिनसहित तीन जना पक्राउ

काठमाडौं, १० पुस (रासस) ।

प्रहरीले चार किलो ३०० ग्राम अवैध लागुऔषध कोकिनसहित तीन जना विदेशी नागरिकलाई पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले हवाई मार्ग हुँदै नेपाल आएका विदेशी नागरिकलाई निगरानी गर्ने क्रममा काठमाडौं महानगरपालिका-९ सिनामङ्गल क्षेत्रबाट पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

थाइल्याण्डकी ४० वर्षीया रुसानी कामा, भारतका ५५ वर्षीय जेभियर स्याथ्यु थालियाचेरी र भारतका २१ वर्षीय मुर्सालेन हुसेनलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरिएको ब्यूरोका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक जीवन निरौलाले जानकारी दिनुभयो । "अनुसन्धानका क्रममा पक्राउ परेका तीन जनाले नेपालमा बसेर

बाँकी तीन पृष्ठमा

# अन्तरराष्ट्रिय मैथिली सम्मेलन आजदेखि

मोरङ १० पुस (रासस) ।

मैथिली भाषा-साहित्य, मिथिला संस्कृति, सभ्यताको संरक्षण, सम्वर्द्धन गर्न शुक्रबारदेखि विराटनगरमा दुई दिने अन्तरराष्ट्रिय मैथिली सम्मेलन-२०२५ हुने भएको छ ।

मैथिली एशोसिएसन नेपालद्वारा यही पुस १२ र १३ गते हुने सम्मेलनमा नेपाल-भारतलगायत अन्य मुलुकका एक सयजना मैथिली भाषी प्रतिनिधिको सहभागिता रहने आयाजकले जनाएको छ ।

आयोजक मैथिली एसोसिएसनका अध्यक्ष प्रवीणनारायण चौधरीका अनुसार सम्मेलनमा वृहतस्तरको बौद्धिक विमर्श, कवि सम्मेलन, मिथिला समाजको विविध सांस्कृतिक झाँकीहरु प्रदर्शन गरिनेछ । त्यसैगरी मैथिली भाषा-साहित्यमा प्रकाशित पुस्तक प्रदर्शनी, मिथिला चित्रकला प्रदर्शनी, मिथिलाको पैराणिक परम्परा वेदपाठ, शङ्खघोषको प्रस्तुति, मिथिला खानाको परिकारको प्रदर्शनी, लोकनृत्य, लोकगीत, कवि सम्मेलन आदि लगायतका कार्यक्रम हुने बताइएको छ ।

'भाषा नै मानव जीवनको मूल आधार हो, आफ्नो भाषा पहिले आफैं जोगाउन पर्छ, भाषा बाँचे मात्र सम्यता बाँच्न सक्छ' भन्ने मूलमन्त्रका साथ सम्मेलनमा ११ वटा महत्वपूर्ण विषयमा प्रस्तुति हुने आयोजक संस्थाका उपाध्यक्ष पकज बर्माले बताउनुभयो । सम्मेलनले विश्वभरका १० करोड मैथिली भाषीलाई जोड्ने अपेक्षा गरिएको छ ।

# सन् २०२५: भारत-चीन प्रतिस्पर्धाले आकार लिएको विश्व रूपान्तरणको वर्ष

**शरच्चन्द्र भण्डारी**

काठमाडौँ, १० पुस (रासस) ।

आगामी साता सन् २०२५ विश्वबाट बिदा हुँदैछ । यो विश्व इतिहासमा निर्णायक वर्षका रूपमा स्मरणीय रहने छ । यो वर्षले विश्व राजनीतिमा शक्ति सन्तुलनको पुनर्संरचना, युद्ध र शान्तिको द्वन्द्व, आर्थिक अनिश्चितता, जलवायु सङ्कट, प्रविधिगत परिवर्तन र सामाजिक रूपान्तरणलाई एकैसाथ उजागर गरेको छ । भारत र चीनजस्ता एसियाली महाशक्तिदेखि अमेरिका, युरोप, मध्यपूर्व र अफ्रिकासम्मका घटनाहरूले विश्वलाई कुनै न कुनै रूपमा प्रभावित पारे ।

यी परिवर्तनहरूको केन्द्रविन्दु विशेष रूपमा भारत र चीनको उदय, प्रतिस्पर्धा र रणनीतिक चालहरू नै देखियो । सन् २०२५ ले २१औँ शताब्दीको विश्व राजनीति अब केवल पश्चिमा शक्तिहरूको प्रभावमा सीमित नरहेको स्पष्ट गर्‍यो । भारत र चीन दुवैले आफ्नो आर्थिक क्षमता, जनसाङ्ख्यिकीय शक्ति, प्रविधि र कूटनीतिक पहुँचमार्फत विश्व व्यवस्थामा निर्णायक भूमिका निर्वाह गर्न थालेका छन् । यही कारणले २०२५ लाई भारत-चीन केन्द्रित विश्व रूपान्तरणको वर्षका रूपमा पनि बुझ्न सकिन्छ ।

भारतका लागि २०२५ आत्मविश्वास र आकाङ्क्षाको वर्ष रह्यो । सन् २०२४ को निर्वाचनपछि स्थिर सरकार बनेसँगै भारतले आर्थिक विस्तार, पूर्वाधार विकास र रक्षा आत्मनिर्भरतालाई तीव्र गतिमा अघि बढायो । उत्पादनमा आधारित अर्थतन्त्र, सेमिकन्डक्टर उद्योग, हरित ऊर्जा र डिजिटल प्रविधिमा भएको लगानीले भारतलाई दीर्घकालीन विश्व शक्ति बन्ने दिशामा उन्मुख गरायो । अन्तरिक्ष, रक्षा र प्रविधिमा भारतको बढ्दो उपस्थिति केवल आर्थिक उपलब्धि मात्र नभई रणनीतिक सन्देश पनि प्रवाह गर्न नयाँदिल्ली सफल रह्यो ।

विदेश नीतिमा भारतले आफूलाई विश्वव्यापी दक्षिणको प्रतिनिधि र सेतुका रूपमा प्रस्तुत गर्ने प्रयास गर्‍यो भने अमेरिका, जापान, अस्ट्रेलिया र युरोपसँगको सहकार्य सघन भयो । एसिया-प्रशान्त क्षेत्रमा शान्ति, सुव्यवस्था र स्थायित्व कायम गर्ने रक्षासम्बन्धी भारत, अमेरिका, जापान र अस्ट्रेलियाबीचको रणनीतिक साझेदारी क्वाडमार्फत यो क्षेत्रमा चीनको प्रभाव सन्तुलन गर्ने रणनीति अघि सारियो । यद्यपि, भारतले चीनसँगको प्रतिस्पर्धालाई पूर्ण टकरावमा रूपान्तरण हुन नदिने सावधानी पनि अपनायो । वास्तविक नियन्त्रण रेखामा सैन्य सतर्कता उच्च रह्यो, तर संवादका ढोका बन्द भएनन्, जसले एसियाको राजनीतिक स्थायित्व र शान्ति सुव्यवस्था कायम गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । दुई देशबीचको द्वन्द्व मत्थर भयो ।

चीनका लागि सन् २०२५ आत्ममूल्याङ्कन र पुनर्संरचनाको वर्ष बन्यो । दशकौँको तीव्र आर्थिक वृद्धिपछि चीन सुस्त अर्थतन्त्र, रियल इस्टेट सङ्कट र युवामाझ बढ्दो बेरोजगारीजस्ता चुनौतीको सामना गरिरहेको थियो । यस्ता अवस्थाबीच चीनले घरेलु बजार सुदृढीकरण, प्रविधिमा आत्मनिर्भरता र राज्य-केन्द्रित विकास मोडेललाई थप बलियो बनायो । कृत्रिम बौद्धिकता, उच्च प्रविधिका सामग्री उत्पादन र सैन्य आधुनिकीकरणमा चीनको लगानी निरन्तर रह्यो जसले बेइजिङलाई विश्वका अग्रणी मुलुकको सूचीमा स्थापित गरायो ।

राजनीतिक रूपमा चिनियाँ कम्युनिस्ट पार्टीको नियन्त्रण अझ कडा देखियो । स्थायित्व र राष्ट्रिय एकताको नाममा निगरानी बढाइयो जसले सामाजिक असन्तोषलाई दबाउने काम गर्‍यो । ताइवान प्रश्न चीनको सबैभन्दा संवेदनशील रणनीतिक मुद्दा रह्यो । ताइवान वरिपरि सैन्य अभ्यास र कूटनीतिक दबाबले अमेरिका र उसका सहयोगीसँग सम्बन्धलाई तनावपूर्ण बनायो जसले सम्पूर्ण एसियाली क्षेत्रको सुरक्षा समीकरणमा असर पार्‍यो । जापान र चीनबीच ताइवानलाई लिएर निकै तनाव भयो ।

भारत र चीनबीचको सम्बन्ध सन् २०२५ मा प्रतिस्पर्धा र सावधानीपूर्ण संयमको मिश्रणको रूपमा रह्यो । आर्थिक रूपमा दुवै देश एकअर्कामा निर्भर भए पनि रणनीतिक अविश्वास कायमै रह्यो । दक्षिण एसिया, हिन्द-प्रशान्त क्षेत्र र विकासशील देशहरूमा प्रभाव विस्तार गर्ने होड तीव्र बन्यो । यही प्रतिस्पर्धाले नेपालसहित श्रीलङ्का, बङ्गलादेश र अफ्रिकी देशहरूलाई कूटनीतिक सन्तुलन अपनाउन बाध्य बनायो ।

सन् २०२५ मा दुवैले जलवायु सङ्कटका प्रत्यक्ष असर भोग्नुपर्‍यो । अनियमित मौसम, बाढी, खडेरी र चरम तापक्रमले करोडौँ नागरिकको जीवन प्रभावित भयो । यसले विकास र वातावरणबीचको द्वन्द्वलाई चर्काउनका साथै आपसी साझेदारी अपरिहार्य भएको अझ स्पष्ट बनायो । विश्वका सबैभन्दा धेरै जनसङ्ख्या भएका भारत र चीनले जलवायु सङ्कट समाधानमा निर्वाह गर्ने सम्भावित भूमिकाले भविष्य निर्धारण गर्ने सङ्केत पनि गरायो ।

प्रविधिको क्षेत्रमा प्रतिस्पर्धा झनै तीव्र भयो । कृत्रिम बौद्धिकता, डिजिटल निगरानी, डेटा नियन्त्रण र साइबर सुरक्षामा दुवैले आ-आफ्नो मोडेल अघि सारे । भारतले लोकतान्त्रिक प्रणालीभित्र प्रविधि विस्तार गर्ने प्रयासलाई निरन्तरता दियो भने चीनले राज्य-केन्द्रित प्रविधि शासनलाई बलियो बनायो । यी फरक मोडेलहरूको प्रतिस्पर्धाले विश्व प्रविधि राजनीतिलाई नयाँ दिशा देखायो ।

सन् २०२५ विश्व इतिहासमा केवल घटनाहरूको सङ्कलन मात्र रहेन, यो विश्व व्यवस्थाको गहिरो पुनर्संरचनाको वर्ष बन्यो । राजनीति, अर्थतन्त्र, प्रविधि, युद्ध, जलवायु र संस्कृतिका तहहरूमा भइरहेको परिवर्तनहरूले मानव सभ्यतालाई गम्भीर आत्ममन्थनतर्फ धकेले । एकातिर अभूतपूर्व प्रगति र नवप्रवर्तनको दिशा देखियो भने अर्कोतिर अस्थिरता, द्वन्द्व र अनिश्चितताले भविष्य झन् जटिल बनायो ।

सन् २०२४ को अमेरिकी निर्वाचनपछि डोनाल्ड ट्रम्पको राष्ट्रपतिको रूपमा पुनरागमनले सन् २०२५ को प्रारम्भमै विश्व राजनीतिलाई झस्काइदियो । उहाँका नीतिहरूले अमेरिकी विदेश नीति एकपक्षीयता, कडा राष्ट्रवाद र लेनदेनमुखी शैलीतर्फ फर्केको सङ्केत दियो । आक्रामक भन्सार तथा व्यापार नीतिले विश्व अर्थतन्त्रमा गहिरो प्रभाव पार्‍यो । अमेरिका-चीन व्यापार तनाव पुनः चर्कियो, युरोप, मेक्सिको र एसियाली अर्थतन्त्रहरू पनि असरबाट अछुतो रहेनन् ।

मध्यपूर्वमा इजरायल-हमास युद्धविरामले केही समयका लागि राहत दियो । युरोपमा युक्रेन युद्धको छायाँ सन् २०२५ भरि फैलिरह्यो, जसले विश्व शक्ति राजनीति, ऊर्जा सुरक्षा र सैन्य गठबन्धनको भविष्य प्रभावित गर्‍यो । विश्व शासनका बहुपक्षीय मञ्चहरूमा पनि २०२५ परिवर्तनको वर्ष बन्यो । जोहानेसबर्गमा सम्पन्न जी-२० शिखर सम्मेलनले पहिलोपटक अफ्रिकाको महत्त्व पुष्टि गर्‍यो । चीन र अमेरिकी राष्ट्रपतिबीच कोरियामा भएको भेटवार्ता पछि चिसिएको अमेरिका-चीन सम्बन्ध पुनः हार्दिकतातर्फ फर्कियो ।

सांस्कृतिक रूपमा पनि वर्ष महत्त्वपूर्ण रह्यो । पोप फ्रान्सिसको निधनले विश्वभर शोक र चिन्तनको लहर फैलायो भने कला, सङ्गीत, खेलकुद, सिनेमा र साहित्यका प्रतिष्ठित व्यक्तित्वहरूको निधनले युगको अन्त्य र सांस्कृतिक निरन्तरतालाई उजागर गर्‍यो । अभिनेता धर्मेन्द्रको निधनमा बलिउड रोयो । बदलिँदो शक्ति सन्तुलन, प्रविधि मानव नियन्त्रणभन्दा द्रुत गतिमा अघि बढिरहेको र कूटनीति परीक्षणमा रहेको वर्ष २०२५ मा पनि देखियो । सन् २०२५ लाई हामी आफ्ना सीमा, कमजोरी र सम्भावनालाई एकसाथ सामना गरेको वर्षका रूपमा सम्झिने छौँ । (अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूको सहयोगमा)

### चार किलो ३०० ...

लागुऔषध कोकिनको कारोबार गर्ने गरेको पाइएको छ", उहाँले भन्नुभयो ।

प्रवक्ता निरौलाले लाओसबाट थाइल्याण्ड हुँदै काठमाडौँ आएकी कामासँग ५५० ग्राम र लाओसबाट सिङ्गापुर हुँदै काठमाडौँ आएका भारतका जेभियर र नेपालमा कोकिन लिन आएका भारतका अर्का नागरिक मुर्सालेनसँग तीन किलो ७५० ग्राम कोकिन बरामद गरिएको उल्लेख गर्नुभयो । थाइल्याण्ड नागरिक कामाले १२ वटा प्लास्टिकमा क्याप्सुलभित्र र भारतीय नागरिकले जेभियरले सुटकेसभित्र लुकाएर ल्याएको अवस्थामा प्रहरीले कोकिन बरामद गरेको उहाँले बताउनुभयो ।

प्रहरीले पक्राउ जरेका तीनै जनालाई लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम आवश्यक कारबाहीका लागि काठमाडौँ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको ब्यूरोले जनाएको छ ।

मालपोत कार्यालय कंचनपुर,सप्तरीबाट जारी भएको छुट जग्गा दर्ता सहित नामसारी सम्बन्धमा

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मिति:-२०८२।०९।०७

जि. सप्तरी भारदह गाविस वार्ड नं.- १ हाल परिवर्तित ठेगना हनुमान नगर कंकालिनी न.पा. वडा नं. १ बस्ने महादेव मण्डल, फुद्दन मण्डल राजधोब र कारी मण्डलले हामो बुवा नथु मडर भन्ने नथु मण्डल राजधोबको नाममा फिल्डबुक दर्ता कायम रहेको तपसिलको जग्गा रहेकोमा निज जग्गाधनी/बुवाको मिति:-२०३३ साल अगावै मा मृत्यु भएको र निज मृतकको हक अंश खाने/जाने निजको पत्नी हामि निवेदकको आमा रजिया देवी राजधोबीको पनि मिति २०६९।११।१३ मा मृत्यु भएको हुँदा हामो बुवा नाममा दर्ता कायम भएको उक्त जग्गा हामि निवेदकहरु-३ (तीन) छोराहरुको नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनि द.नं. २२८१ मिति:-२०८२।०९।०३ मा यस कार्यालयमा निवेदन दिएको हुँदा निज निवेदकहरुको माग दावी बमोजिम निजहरुको नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण-पूर्जा दिन नमिल्ने वा सो जग्गा सरकारी, सार्वजनिक, पर्ति, ऐलानी, गुठी लगायत अन्य सँध-सँधियारहरुको जग्गा घुसी-घुसाई वा जग्गा मिचि नाप-जाँच भएको भए वा कोही कसैले तपसिलका जग्गाको हकमा दर्ता नामसारीको प्रकृयामा यो सूचना गर्नु पूर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे/भएको भए वा कुनै पनि अड्डा अदालतमा विचाराधीन अवस्थामा रहे/भएको भए वा कसैको जग्गामा हकभोगको स्वामित्वमा असर पर्न जाने भए यो हकदावी सम्बन्धी ३५ दिने सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको उजूर/दावी पर्न नआए निवेदकशरुको माग दावीलाई कानून बमोजिम स्वीकार गरी छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कोही कसैको उजूर दावी नलाग्ने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा अवगत गराइन्छ।

तपसिल

| मृतक ज.ध. | ज.ध.को बुवाको नाम | ज.ध.को पत्नीको नाम | जिल्ला | गाविस | वार्ड नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलमा उल्लेख भएको |
|---|---|---|---|---|---|---|---|---|
| नथु मण्डल | सोमन मण्डल | रजिया देवी राजधोबी | सप्तरी | भारदह | ४क | ८० | ०-४-० | यो जग्गा वार्ड नं. ४ बस्ने नथु मण्डलको नम्बरी हो। |

## विश्व समाचार

### १७ वर्षपछि तारिक रहमानको स्वदेश फिर्ती

ढाका, १० पुस (रासस/एएनआई) ।

सत्र वर्ष लामो निर्वासनपछि बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का कार्यवाहक अध्यक्ष तारिक रहमान बिहीबार स्वदेश फर्किनुभएको छ । पूर्व प्रधानमन्त्री शेख हसिनाको सत्ता पतनपछि उहाँको आगमनलाई बङ्गलादेशको राजनीतिमा महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ । रहमान आफ्नी धर्मपत्नी जुबैदा रहमान र छोरी जाइमा रहमानसँग लन्डनबाट विमान बङ्गलादेश एयरलाइन्सको उडानमार्फत ढाका आइपुग्नुभएको हो । उक्त विमान ढाकाको हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थल पुग्नुअघि सिल्हटमा अवतरण गरेको थियो । उहाँको स्वागतका लागि विमानस्थल आसपास र ३०० फिट रोड क्षेत्रमा ठूलो सङ्ख्यामा बिएनपी समर्थक तथा कार्यकर्ता भेला भएका थिए । देशका विभिन्न भागबाट आएका समर्थकहरूले क्षेत्रलाई मानौँ जनसागरमा परिणत गरेका थिए । पार्टीका वरिष्ठ नेताहरू, स्थायी समितिका सदस्यसहित विमानस्थलमै उहाँलाई स्वागत गर्ने कार्यक्रम तय गरिएको थियो भीड व्यवस्थापनका लागि विमानस्थल प्रशासनले २४ घण्टाका लागि आगन्तुक प्रवेशमा प्रतिबन्ध लगाएको थियो । वैध टिकट र पासपोर्ट भएका यात्रुहरू बाहेक अन्यलाई विमानस्थल प्रवेशमा रोक लगाइएको बिडीन्युज २४ ले जनाएको छ । बङ्गलादेशको अन्तरिम सरकारले पनि रहमानको सुरक्षाका लागि व्यापक तयारी गरेको बताएको छ । अन्तरिम सरकारका मुख्य सल्लाहकारका प्रेस सचिव शफीकुल आलमले सरकार उहाँको स्वदेश फिर्तीलाई स्वागत गर्दै बिएनपीसँग समन्वयमा सुरक्षा व्यवस्था मिलाइएको जानकारी दिनुभयो । ढाका आगमनपछि रहमान ३०० फिट रोड (३६ जुलाई एक्सप्रेसवे) मा आयोजित संक्षिप्त स्वागत कार्यक्रममा सहभागी हुनुभयो । त्यसपछि उहाँ एभरकेयर अस्पताल जानुहुने र पछि गुलसनस्थित आफ्नै निवासमा बसाइँ सर्नुहुने कार्यक्रम रहेको छ । बिएनपीका अनुसार रहमानले डिसेम्बर २७ मा मतदाता दर्ता गर्ने योजना बनाउनुभएको छ । यसका लागि निर्वाचन कार्यालयहरू शनिबार पनि खुला रहने जानकारी दिइएको छ । यसैबीच, फेब्रुअरी १२ मा हुने संसदीय निर्वाचनका लागि बिएनपी नेत्री खालिदा जिया र तारिक रहमानका तर्फबाट बोगुराका विभिन्न निर्वाचन क्षेत्रका लागि नामाङ्कन फारम सङ्कलन भइसकेको बिडीन्युज२४ ले जनाएको छ ।

### उत्तर कोरियाको आणविक पनडुब्बीमा प्रगति

सियोल, १० पुस (रासस/एपी) ।

उत्तर कोरियाले आणविक-सञ्चालित पनडुब्बी निर्माणमा उल्लेखनीय प्रगति गरेको सङ्केत दिएको छ । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा धेरै हदसम्म पूरा भएको पनडुब्बीको बाहिरी संरचना देखिन्छ । यस क्रममा नेता किम जोङ उनले दक्षिण कोरियाले यस्तै प्रविधि हासिल गर्न दबाब दिइरहेको भन्दै कडा आलोचना गर्नुभएको छ । उत्तर कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किमले आठ हजार ७०० टन क्षमताको आणविक-प्रोपेल्ड पनडुब्बी निर्माण भइरहेको एक शिपयार्डको निरीक्षण गर्नुभएको हो । उहाँले यस पनडुब्बीलाई उत्तर कोरियाली नौसेनाको आधुनिकीकरण र आणविक प्रतिरोध क्षमताका लागि अत्यन्तै महत्त्वपूर्ण कदमका रूपमा वर्णन गर्नुभयो । उत्तर कोरियाले यसलाई 'रणनीतिक निर्देशित मिसाइल पनडुब्बी' वा 'रणनीतिक आणविक आक्रमण पनडुब्बी' भन्दै भविष्यमा आणविक हतियारले सुसज्जित गर्ने योजना रहेको सङ्केत दिएको छ । निरीक्षणका क्रममा उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा दक्षिण कोरियाले आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै त्यसलाई उत्तर कोरियाको सुरक्षा र समुद्री सार्वभौमिकतामाथिको 'आक्रामक कार्य' भन्नुभयो । उहाँका अनुसार यस्ता योजनाले उत्तर कोरियालाई आफ्नो नौसेना र आणविक प्रतिरोध क्षमता अझ सशक्त बनाउन बाध्य बनाएको छ । राज्य मिडियाले किमले कहिले शिपयार्ड भ्रमण गर्नुभएको हो भन्ने स्पष्ट नगरे पनि सार्वजनिक तस्बिरहरूमा उहाँले वरिष्ठ अधिकारीहरू र आफ्नी छोरीसँगै विशाल जहाजको निरीक्षण गरिरहेको देखिन्छ । मार्चपछि पहिलो पटक पनडुब्बीको स्पष्ट तस्बिर सार्वजनिक गरिएको हो । पनडुब्बी कहिले पूर्ण रूपमा तयार हुन्छ भन्ने खुल्न नसके पनि दक्षिण कोरियाका विज्ञहरूका अनुसार बाहिरी संरचना लगभग तयार देखिनु भनेको इन्जिन र सम्भावित रिएक्टर जस्ता मुख्य प्रणालीहरू भित्रै जडान भइसकेको सङ्केत हुन सक्छ । हानयाङ विश्वविद्यालयका पनडुब्बी विशेषज्ञ मुन केउन-सिकका अनुसार यो जहाज केही महिनाभित्र समुद्र परीक्षणमा जान सक्ने सम्भावना छ ।

आणविक-सञ्चालित पनडुब्बी किमले सन् २०२१ मा घोषणा गर्नुभएको दीर्घकालीन सैन्य लक्ष्यहरूमध्ये एक हो । यस सूचीमा ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालिस्टिक मिसाइल, हाइपरसोनिक हतियार, जासुसी उपग्रह र बहुवारहेड मिसाइलहरू पनि समावेश थिए, जसमध्ये केहीमा उत्तर कोरियाले पहिले नै प्रगति गरिसकेको छ । यदि उत्तर कोरियाले लामो समयसम्म गोप्य रूपमा सञ्चालन गर्न सक्ने र पानीमुनिबाट मिसाइल प्रहार गर्न सक्षम पनडुब्बी तैनाथ गर्‍यो भने, यो क्षेत्रीय सुरक्षाका लागि गम्भीर चुनौती हुने विज्ञहरूको भनाइ छ । यद्यपि, कडा अन्तर्राष्ट्रिय प्रतिबन्धमा रहेको देशले यस्तो प्रविधि र स्रोत कसरी जुटायो भन्ने प्रश्न पनि उठिरहेको छ । केही विश्लेषकहरूले रुससँगको पछिल्लो सैन्य सहकार्यबाट उत्तर कोरियाले प्राविधिक सहयोग पाएको हुन सक्ने अनुमान गरेका छन् । यसैबीच, दक्षिण कोरियाले पनि आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास अघि बढाएको छ । राष्ट्रपति ली जे म्युङले अमेरिकी समर्थनको माग गर्नुभएको छ भने राष्ट्रपति ट्रम्पले सैद्धान्तिक रूपमा प्रविधि साझेदारीका लागि खुलापन देखाउनुभएको छ । उत्तर कोरियाले हालै नयाँ एन्टी-एयर मिसाइल परीक्षण गरेको र पूर्वी तटबाट थुप्रै मिसाइल प्रक्षेपण गरिएको दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन् । रुस-युक्रेन युद्धपछि उत्तर कोरियाले आफ्नो सैन्य र आणविक कार्यक्रम तीव्र बनाउँदै जाँदा कोरियाली प्रायद्वीपमा तनाव थप बढेको छ ।

# विद्यार्थीमार्फत विपदका सन्देश प्रवाह गर्न शिक्षकलाई तालिम



**दैनिक समाचारदाता**
**राजविराज, १० पुस ।**

विद्यालयमा अध्ययनरत बालबालिका मार्फत विपद जोखिम न्युनीकरण तथा अपाङ्गता सम्बन्धी शिक्षा परिवार तहसम्म पुऱ्याउने उद्देश्यले राजविराजमा शिक्षकहरुलाई तालिम सञ्चालन गरिएको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका र सप्तकोशी नगरपालिकाका आठ वटा माध्यमिक विद्यालयका शिक्षकहरुलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शसँगै विद्यालयमा आधारित समावेशी विपद् जोखिम न्युनीकरण सम्बन्धी तालिम सञ्चालन गरिएको हो ।

शिक्षकहरुलाई तालिम दिई विद्यालयमा कक्षामार्फत बालबालिकालाई मानसिक स्वास्थ्यसँगै विपदबाट हुन सक्ने जोखिमलाई घटाउन सिबिएम ग्लोबलको सहयोगमा सबल नेपाल र समावेशी अपाङ्ग संघ सप्तरीद्वारा सो तालिमको आयोजना गरिएको अपाङ्गता समावेशी विपद् जोखिम न्युनीकरण परियोजनाका संयोजक मनिष महर्जनले जानकारी दिए ।

तालिमबाट मानसिक स्वास्थ्य तथा विपद् जोखिम न्युनीकरण सम्बन्धी सत्र योजना विकास गर्दै लैंगिक समानता, अपाङ्गता समावेशीकरण र सामाजिक सुरक्षा एकीकरण सुनिश्चित गर्ने, शिक्षकहरूको क्षमता निर्माण गरी विद्यालय आकस्मिक योजना र समावेशी उद्धार योजना विकास गरी विद्यालय सुधार योजनामा समावेश गर्ने तालिमको उद्देश्य रहेको तालिमका सहजकर्ता विकाश प्याकुरेलले जानकारी दिए ।

तिलाठी कोईलाडी गाउँपालिका र सप्तकोशी नगरपालिका सबैखाले विपद्बाट अत्यधिक प्रभावित रहेकोले बालबालिकामार्फत विपद्बाट हुने क्षति र जोखिमलाई कम गर्ने उपायहरुका बारेमा परिवार तहसम्मै सन्देश पुऱ्याउन सकेमा समुदायलाई उत्थानशील बनाउन सहयोग प्राप्त हुने सबल नेपालका कार्यकारी निर्देशक दिपक झाले बताए ।

विद्यालयमा रहेका जोखिमहरु पहिचान गरि अल्पकालिन तथा दीर्घकालिन योजनाहरुको विद्यालय सुधार योजनामा राखेर समाधान गर्ने तथा विद्यालयमा नियमित रुपमा कृत्रिम घटना अभ्यासहरु सञ्चालन गरि विद्यार्थीहरुलाई सजग र सतर्क बनाउन तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने तालिमका सहजकर्ता तिलाठी कोईलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले बताए । चार दिनसम्म सञ्चालन गरिएको सो तालिममा विकास प्याकुरेल, परियोजना संयोजक मनिष महर्जन, परियोजनाका अनुगमन तथा मूल्यांकन अधिकृत क्षितिज भट्टसहिकाले सहजीकरण गरे ।

# सिरहामा बालिका हत्या : तीन सातासम्म दोषीको पहिचान भएन

सिरहा, १० पुस (रासस) ।

सिरहाको कर्जन्हा नगरपालिका-१ बल्टिया गाउँकी करिब १७ वर्षीया अविना दनुवारको हत्या भएको तीन साता बितिसक्दा पनि प्रहरीले घटनामा संलग्न दोषीको पहिचान गर्न सकेको छैन । दोषी सार्वजनिक नहुँदा पीडित परिवारसँगै स्थानीय बासिन्दामा आक्रोश बढ्दै गएको छ ।

गत मङ्सिर २२ मा दनुवारको शव कर्जन्हा नगरपालिका-२ बन्दीपुरस्थित नेपाल राष्ट्रिय फूलकुमारी माध्यमिक विद्यालय नजिकैको झाडीमा फेला परेको थियो । घटनापछि हालसम्म मुख्य अभियुक्त पत्ता नलाग्दा पीडित परिवारले न्याय नपाएको गुनासो गरेका छन् ।

मृतककी आमा दयावती दनुवारले छोरीको हत्यापछि दोषी नसमातिँदा आफूहरू थप अन्यायमा परेको बताउनुभयो । उहाँले भन्नुभयो, "छोरी गुमाएको पीडा त छँदै छ, तर दोषी नसमातिँदा झन् ठूलो अन्याय भएको महसुस भइरहेको छ । पहुँच भएकाहरूको कुरा तुरुन्तै सुनिन्छ, हामीजस्ताको आवाज कसैले सुन्दैन ।"

स्थानीयका अनुसार बालिकाको शव अर्धनग्न अवस्थामा भेटिएकाले बलात्कारपछि हत्या गरिएको आशंका गरिएको छ । यस विषयमा कर्जन्हा-१ का वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेलले प्रहरीको ढिलाइप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, "तीन साता बितिसक्दा दोषीको पहिचान नहुनु गम्भीर विषय हो । दोषीलाई तत्काल पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाउनुपर्छ ।"

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले अनुसन्धान जारी रहेको बताउनुभयो । यस विषयमा उहाँले प्रष्ट पार्दै भन्नुभयो, "घटनाको प्रकृति गम्भीर भएकाले विभिन्न कोणबाट सूक्ष्म अनुसन्धान भइरहेको छ । प्रमाणका आधारमा मुख्य अभियुक्तसम्म पुग्ने प्रयासमा छौं ।"

# निर्धारित मितिमै निर्वाचन हुन्छ : अर्थमन्त्री खनाल

सिरहा, १० पुस (रासस) ।

अर्थमन्त्री डा रामेश्वर खनालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन निर्धारित मितिमै हुने बताउनुभएको छ ।

लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल लहानको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा उहाँले निर्वाचन गराउन सरकार पूर्ण रूपमा तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले निर्वाचनको वातावरण बनाइसकेको छ, कसैको अफवाह र हल्लामा परेर भ्रममा नपर्न म आम नागरिकलाई आग्रह गर्छु ।"

उहाँले वर्तमान सरकार जेनजी आन्दोलनपछि बनेको उल्लेख गर्दै यसको प्रमुख दायित्व निर्वाचन सम्पन्न गराउनु रहेको बताउनुभयो । निर्वाचनपछि देशको अर्थतन्त्र पनि क्रमशः लयमा फर्किने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा अस्पतालको ४७ वर्षदेखि रोकिएको जग्गा दर्ता प्रक्रिया हालै सम्पन्न भएको उल्लेख गर्दै उहाँले जेनजी आन्दोलनपछि बनेको सरकारले ४७ दिनमै एक करोड २४ लाख रुपैयाँ लाभकर मिनाहा गरी दाता मुरारका र शारडा परिवारको चाहना पूरा गरेको बताउनुभयो ।

दाता परिवारका तर्फबाट मुरारीलाल मुरारका र पवनकुमार शारडाले वर्तमान सरकारका युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले गरेको पहलबाट ४७ वर्षमा हुन नसकेको कार्य भएकोमा सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, दाता परिवारका प्रतिनिधि, उद्योगी-व्यापारी तथा अस्पताल व्यवस्थापनका पदाधिकारीको उपस्थिति थियो ।

# वीरगञ्ज हुँदै ४० अर्बका सामान निर्यात

पर्सा, १० पुस (रासस) ।

वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु ३९ अर्ब ९७ करोड मूल्यका वस्तु तथा सामान निर्यात भएको छ । गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ८९ प्रतिशतअर्थात् रु १८ अर्ब ७९ करोड बढीको निर्यात भएको हो ।

जबकी गत आवको पाँच महिनामा भने रु २१ अर्ब १८ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा यो नाका हुँदै हुने निर्यातमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।

चालु आवको पाँच महिनामा रु २० अर्ब ७६ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ । त्यस्तै रु तीन अर्ब सात करोड मूल्य पर्ने फलफूलको जुस निर्यात भयो । रु दुई अर्ब ८७ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल, रु एक अर्ब ९७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ । त्यस्तै रु एक अर्ब ५० करोड मूल्य पर्ने विभिन्न किसिमका कपडाहरू पनि निर्यात भएको कार्यालयले जनाएको छ ।

# निर्वाचन आयोगले जारी गऱ्यो निर्वाचन आचारसंहिता-२०८२ को मस्यौदा

काठमाडौं, १० पुस (रासस) ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता-२०८२ को मस्यौदा सल्लाह सुझावका लागि जारी गरेको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले आचारसंहिताको मस्यौदा जारी गरेको हो । निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न निर्वाचन आचारसंहिताको मस्यौदा जारी गरिएको आयोगले जनाएको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले अधिकार प्रयोग गरी आयोगले आचारसंहिताको मस्यौदा सल्लाह, सुझावका लागि जारी गरेको हो ।

आचारसंहितामा १० वटा परिच्छेद, पाँच वटा अनुसूची छन् । यो आचारसंहिता जारी भएसँगै निर्वाचन आचारसंहिता २०७९ खारेज गरिएको आयोगले जनाएको छ । जारी आचारसंहिता उल्लङ्घन गर्नेको नाम सार्वजनिक गरिने, विद्युतीय माध्यम वा सूचना प्रविधिको उपयोग गर्न सकिने व्यवस्था गरिएको छ । आचारसंहितामा निर्वाचन घोषणापत्र सार्वजनिक गरिनुपर्ने व्यवस्थासमेत गरिएको छ ।


## ऋण बुझाउन आउने बारे ७ दिने सार्वजनिक सूचना

**मिती :-२०८२/०९/११**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराज-४ सप्तरीबाट विभिन्न मिति तथा उदेश्यमा ऋण लिएको तपसिलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने ब्याज तथा हर्जाना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित तागेदा पत्राचार गरिसकिएको, तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुँदा निजहरुलाई ऋण बुझाउन आउने भनि ७ दिने सार्वजनिक सूचना जारि गरिएको छ । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ । सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्रि गरि असुल उपर गरिने ब्योहोरा समते जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम, थर | ठेगाना | बुवा/पति | बाजे/ससुरा | ऋणको उदेश्य |
|---|---|---|---|---|---|
| १. | चन्द्रिका देवी यादव | राजविराज १२ | बिनोद कुमार यादव | जग नारायण यादव | घर जग्गा ऋण |
| २. | सुमित्रा देवी शर्मा | राजविराज ५ | कामेश्वर शर्मा | राम देव सुतिहार | घर जग्गा ऋण |
| ३. | गीता कुमारी मेहतर | राजविराज ६ | बालेश्वर कुमार मेहतर | लक्ष्मी मेहतर | घर जग्गा ऋण |
| ४. | हमिद मीया/मकिना खातुन | खड्क नपा ६ | संतु मिया | गम्भिर मियाँ | घर जग्गा ऋण |
| ५. | बब्लु खाँन | राजबिराज ४ | मो.कमरुदीन | मो.अजिज | घर जग्गा ऋण |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय राजविराज ४ सप्तरी
टेलिफोन न.०३१-५३२५२२/५२१११२



## धितो लिलाम बिक्रि गर्ने बारे ७ दिने अत्यन्तै जरुरी सूचना

**तेश्रो पटक प्रकाशित मिति :२०८२/०९/११**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८१/०४/१३ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि १५ दिने सार्वजनिक सूचना, मिति २०८१/०५/१९ गते १५ दिने सूचना र मिति २०८१/०६/१६ गते ७ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपशिलमा उलेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रि गरि यस संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न यो तेश्रो पटक प्रकाशित ७ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलमा बिक्रि हुने धितो सुरक्षण सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरिलिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पति कसैले नगरेमा वा रितपुर्बक बोलपत्र नपरेमा सहकारी ऐन २०७५ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यश संस्थाले आफैले साकार गरि लिने ब्योहरा समेत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले साकार गर्दा साबिकमा भएको यश संस्थाबाट मुल्यांकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा अन्य चल, अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरिलिने र सहकारी ऐन २०७५ बमोजिम कालो सुचिमा समावेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपसिल**

| ऋणीको नाम | जिल्ला | गा.बि.स/गा.पा. | वार्ड न. | किता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| नाम : बिसुन देव चौधरी थारु | सप्तरी | सितापुर | ८ | ९ | ०-४-८-० |
| बाजेको नाम : मुनिचन्द चौधरी | सप्तरी | सितापुर | ७ | ४७९ | ०-२-०-० |
| बाजेको नाम : भालु चौधरी | सप्तरी | सितापुर | ७ | ४७८ | ०-०-११.५-० |

जमानी : अनिल कुमार चौधरी
ठेगाना : अग्नीसाईर कृष्णासबरण गा.पा.-२, ईटहर्वा, सप्तरी

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय राजविराज ४ सप्तरी
टेलिफोन न.०३१-५३२५२२/५२१११२


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*